# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

**केन्द्रिय कार्यालय, Central Office**

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.

च. नं.

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० साउन २३ गते

## कृष्णप्रसाद अधिकारी हत्या प्रकरणसम्बन्धी अनुसन्धान प्रक्रिया तत्काल अघि बढाऊ : अध्यक्ष

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले कृष्णप्रसाद अधिकारी हत्या प्रकरणसम्बन्धी अनुसन्धान प्रक्रिया तत्काल अघि बढाउन गृहमन्त्री माधवप्रसाद घिमिरेसमक्ष आग्रह गर्नुभएको छ ।

कृष्णप्रसाद अधिकारी हत्या प्रकरणबारे गृहमन्त्री माधवप्रसाद घिमिरेसँग आयोगमै आयोजित बैठकमा अध्यक्ष उपाध्यायले सो आग्रह गर्नुभएको हो ।

उहाँले सशस्त्र द्वन्द्वकालीन मुद्दाको अनुसन्धान अघि नबढाउने सरकारको निर्णयलाई आधार बनाएर आरोपित व्यक्तिहरूउपर अनुसन्धानसमेत रोक्ने कार्य कानुनसम्मत नभएको भन्दै पीडितले न्याय पाउनुपर्ने खाँचो औंल्याउनुभयो ।

अध्यक्ष उपाध्यायले न्यायको माग गर्दै आमरण अनसनमा बसेका मृतकका आमा-बालाई न्यायको प्रत्याभूति दिनुपर्नेमा पनि जोड दिनुभयो ।

सो अवसरमा बोल्दै गृहमन्त्री माधवप्रसाद घिमिरेले मृतक कृष्णप्रसाद अधिकारीका परिवारजनले न्याय प्राप्तिका लागि गरेको चरणबद्ध संघर्षप्रति नेपाल सरकार नितान्त सम्वेदनशील भएको जानकारी दिँदै उहाँहरूलाई न्याय दिन हरसम्भव उपाय खोजिएको बताउनुभयो ।

उहाँले सरकारले २०६३ साल जेठ २९ गते नै सशस्त्र द्वन्द्वकालीन मुद्दाहरूमा कारबाही अघि नबढाउने निर्णय गरेकोले कृष्णप्रसाद अधिकारी हत्या प्रकरणसम्बन्धी मुद्दा अघि बढाउन कानुनी जटिलता देखापरेको जानकारी भयो ।

बैठकमा बोल्दै आयोगका सदस्य रामनगिना सिंहले कृष्णप्रसाद अधिकारी हत्या प्रकरणमा आयोगको सिफारिसअनुसार सरकारबाट पीडित क्षतिपूर्ति दिने निर्णय हुनु तर पीडकलाई कानुनी कारबाही नगरिनु न्यायिक हिसाबले अमिल्दो कुरा भएको टिप्पणी गर्नुभयो ।

सो अवसरमा बोल्दै आयोगका सदस्य गौरी प्रधानले मानवीय आधारमा कृष्णप्रसाद अधिकारी हत्या प्रकरणबारे स्वतन्त्र रूपमा अनुसन्धान प्रक्रियालाई अघि बढाउनुपर्नेमा जोड दिँदै पीडितहरूलाई आफ्नो थातथलोमा ससम्मान पुनःस्थापित हुन पाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प.सं.
च. नं.

सदस्य प्रधानले आयोगले सिफारिस गरेको मानव अधिकार उल्लङ्घनको घटनाको सम्बन्धमा आयोगसँग कुनै परामर्श नै नगरी मुद्दाको अनुसन्धान कार्य रोक्ने काम भएको टिप्पणी गर्दै सरकारी निकायहरूबीच समन्वय र सहकार्य नहुँदा पीडितले न्याय प्राप्त गर्ने प्रक्रिया झन् जटिल बनेको बताउनुभयो ।


## नोट :

मृतकका पिता नन्दप्रसाद अधिकारी र आमा गंगामाया अधिकारी पीडकलाई कारबाही हुनुपर्ने माग गर्दै विगत १५ दिनदेखि वीर अस्पतालमा आमरण अनसनमा बस्नुभएको छ ।

गोरखा जिल्ला फुजेल गाविस वडा नं ७ निवासी वर्ष १९ वर्षीय कृष्णप्रसाद अधिकारीलाई २०६१ साल जेठ २३ गते जिल्ला चितवन रत्ननगर नगरपालिका वडा नं १ बकुलहर चोकबाट तत्कालीन विद्रोही नेकपा माओवादीका कार्यकर्ताद्वारा अपहरण गरी जेठ २४ गते हत्या गरिएको थियो । घटनापछि मृतकका परिवारजनद्वारा केही व्यक्तिविरुद्ध किटानी जाहेरी दिइएको थियो ।

जाहेरी दर्खास्त दिएपछि मृतकका दाजु नुरप्रसाद अधिकारीलगायत परिवारजनलाई ज्यान मार्ने धम्की आएपछि परिवारका सम्पूर्ण सदस्य २०६४ साल पुस १० गतेदेखि घर छोडी विस्थापित भएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगले उक्त घटनाको अनुसन्धान गरी २०६५ साल चैत २३ गते दोषीउपर फौजदारी अभियोगमा कारबाही चलाउन, पीडित परिवारजनलाई क्षतिपूर्ति दिन र घरमा पुनः फर्कनका लागि सुरक्षा प्रदान गर्न नेपाल सरकारलाई सिफारिस गरेको थियो ।



...............
वेदप्रसाद भट्टराई
कामु सचिव